## सूचना ५

श्री ५ को सरकारले जिल्ला कार्यालय जाजरकोटका प्र.जि.अ. श्री देवेन्द्रबहादुर सिंह घर बिदामा बस्नुभएकोले सो प्र.जि.अ. पदमा नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्रशासकीय अधिकृत श्री उमानाथ आत्रेयलाई मिति २०४३।३।१६ देखि का.मु. मुकरर गरिएको छ ।

आज्ञाले,
हीरालाल गुभाजु
कानून अधिकृत (उप-सचिव)

## श्री ५ को सरकार
## सामान्य प्रशासन मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले मिति २०४३।३।२० को निर्णयानुसार नेपाल विविध सेवा, राजपत्राङ्कित तृतीय श्रेणी, घरेलु तथा ग्रामीण उद्योग विभागका शाखा प्रमुख श्री बादिरत्न वज्राचार्यलाई सोही सेवाको राजपत्राङ्कित द्वितीय श्रेणी (सहायक सचिव स्तर) को शाखा प्रमुख पदमा मिति २०४३।१।२ देखि लागू हुने गरी बढुवा गरी घरेलु तथा ग्रामीण उद्योग विभाग हस्तकला प्रवर्धन शाखामा पदस्थापन गरेको छ ।

## सूचना २

श्री ५ को सरकारले मिति २०४३।३।२० को निर्णयानुसार नेपाल प्रशासन सेवा (परराष्ट्र), राजपत्राङ्कित तृतीय श्रेणीका देहायका अधिकृतहरूलाई सोही सेवाको राजपत्राङ्कित द्वितीय श्रेणी (सहायक सचिव स्तर) को पदमा मिति २०४३।१।२ देखि लागू हुने गरी बढुवा गरी देहायबमोजिम पदस्थापन गरेको छ ।

| क्र.सं. | नाम र थर | साबिक पद र कार्यालय | पदस्थापन भएको पद र कार्यालय |
|---|---|---|---|
| १. | श्री पुष्करमान सिंह राजभण्डारी | स्थानीय प्रथम सचिव, शाही नेपाली राजदूतावास, मास्को । | राजपत्राङ्कित द्वितीय श्रेणी (सहायक सचिव स्तर), परराष्ट्र मन्त्रालय । |
| २. | श्री माधवजी श्रेष्ठ | स्थानीय प्रथम सचिव, शाही नेपाली राजदूतावास, नयाँ दिल्ली । | ” ” |

आज्ञाले,
श्यामकुमार प्रधान
सह-सचिव

280



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।